## पाठ - 19
## रसूल ﷺ को न्याय र इन्साफ

## الدرس التاسع عشر - نيبالي
## عدله ﷺ

जहाँ सम्म न्यायको कोरो छ भने उहाँ अल्लाह सँग, आफु सँग, आफ्नो स्वासनीहरु सँग, र अरु सबै मानिसहरु सँग न्यायको व्यवहार गर्नु हुन्थ्यो, नातेदार र साधारण व्यक्तिहरु सँग, साथी र मित्र सँग, समर्थक र बिरोधी सँग, यहाँ सम्म कि ठुल ठुला दुशमन्हरु सँग पनि न्याय गर्नु भयो, कसैले उहाँ माथि औंला उठाउनु भयो, र कसैले उहाँलाई अपमानित गर्नु भयो, तर उहाँले अन्याय गर्नु भएन, बरु संधै न्याय गर्नु भयो, चाहे उहाँ आफ्नो छेत्रमा होस वा यात्राको समय अरुको छेत्रमा, साथीहरु बीच आफ्नो कुनै विशेषता राख्दैन्नथे, बरु न्याय, बराबरी, र उनीहरु जस्तै कष्ट र थकान उठाउनु हुन्थे, हजरत अब्दुल्लाह बिन मसऊद ﷺ ले भन्नु भएको छ कि «बद्रको युद्धमा जाँदा हामीहरु एक ऊँट माथि तीन व्यक्ति सवार भएका थियौं, र रसूल ﷺ को साथमा अबुलुबाबा र अली बिन अबुतालिब हुनु हुन्थ्यो, जब रसूल ﷺ को पालो आयो त उनीहरुले भन्नु भयो, तपाई सवारी गर्नुस र हामी हिंडदै जान्छौं, त रसूल ﷺ ले भन्नु भयो, तिमीहरु म भन्दा अधिक बलियो छैनौं, र पुण्यको अवश्यक्ता मलाई तिमीहरु भन्दा कम छैन»

ओसैद बिन होजैर ﷺ ले साथीहरु सँग ठट्टा र दिल्लगी गरिरहनु भएको थियो, त नबी ﷺ ले उहाँको कम्मरमा एउटा छडिले घोचनु भयो, त ओसैदले भन्नु भयो, तपाइले मलाई पिडा र दु:ख दिनु भयो, त अब मलाई बदला लिन दिनुस, त रसूल ﷺ ले भन्नु भयो «बदला लिइ हाल» त ओसैदले भन्नु भयो, तपाइले लुगा लगाएका छौ र मैले लुगा लगाएको थिएन, त नबी ﷺ ले आफ्नो लुगा उठाउनु भयो, त्यस पछि ओसैदले उहाँको कोख र कम्मरमा मुइ खान थाले, र भन्नु भयो कि मैले यही खोजेको हे अल्लाहको रसूल»

समाजमा न्यायको स्थापनाका लागि इस्लामी होदुद (सजाय) लागु नगर्नमा कहिले सहमत हुनु भएन, चाहे अपराधि उहाँको नजिकी वा नातेदार नै किन नहोस, मखजुमी महिला जसले चोरि गरेकि थी, उसको बिषयमा उसामाको पनि सिफारिस स्विकार गर्नु भएन, त्यहि अवसरमा उहाँले आफ्नो बहुमुल्य कुरा भन्नु भयो

«हे मानिसहरु ! तिमीहरु भन्दा अघि मान्छेहरु मात्र यस कारण बर्बाद भए कि यदि उनीहरु मध्ये कोहि हैसियतवाला चोरि गर्थ्यो भने त्यसलाई छाडि दिन्थे, र यदि कुनै कमजोर व्यक्तिले चोरि गर्थ्यो भने त्यसलाई सजाय दिन्थे, अल्लाहको कसम यदि मेरो छोरि फातिमा पनि चोरि गर्छिन् भने म त्यसको पनि हात काटी दिनेछु» ।